# महान्यायाधिवक्ताको कार्यालय
## नेपाल
(......कर्मचारी प्रशासन...... शाखा)


पत्र संख्या :- २०८१/०८२ (परिपत्र)

चलानी नं. :- ४०७८

रामशाहपथ, काठमाडौं

मिति :- २०८२/०१/३१

ने.स .११४५ वछलागा २

विषय :परिपत्र सम्बन्धमा।

उच्च सरकारी वकील कार्यालय ,सबै,
जिल्ला सरकारी वकील कार्यालय ,सबै।

देहायका विषयहरुका सम्बन्धमा देहाय बमोजिम गर्न सबै सरकारी वकील कार्यालयलाई निर्देशन सहित परिपत्र जारी गर्ने भनी यस कार्यालयबाट मिति २०८२/०१/२८ मा भएको निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध गरिन्छ।

१.मुलुकी अपराध संहिता, २०७४ को दफा १८५ अनुसार आत्महत्या दुरुत्साहन मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा:-

क. आत्महत्या दुरूत्साहन कसूरमा अनुसन्धान प्रतिवेदन सहित प्राप्त हुन आएको मिसिल अध्ययन गर्दा आत्महत्या गर्नुपर्ने बाध्यात्मक अवस्थाको सृजना गर्नेगरी दुरुत्साहन गर्ने प्रत्यक्ष प्रमाण वा व्यवहार,आत्महत्या गर्ने व्यक्तिलाई मानसिक, शारीरिक वा भावनात्मक यातना दिइएको प्रमाण, सुसाइड नोट, म्यासेज वा विद्युतीय वार्तालाप जस्ता प्रमाणबाट सामाजिक/पारिवारिक दबाब वा अपमानजनक व्यवहार गरेको पुष्टी भएमा मात्र मुद्दा चलाउने,

ख. कानूनी कर्तव्यको पालना गर्दा गरेको पत्राचार वा कानूनी कारवाही गरेको कारणले कसैले आत्महत्या गरेमा त्यस्तो कार्यका उपर आत्महत्या दुरुत्साहन कसूर पुष्टी नहुने हुँदा मुद्दा नचल्ने निर्णय गर्ने ।

२.बैङ्किङ्ग कसूर तथा सजाय (दोस्रो संशोधन) ऐन, २०८२ को दफा ८ ले मूल ऐनको दफा १७ मा संशोधन गरी मूल ऐनको दफा १७ को उपदफा (१) पछि उपदफा (१क) थप गरी "दफा ३क बमोजिमको कसूरमा चेक अनादर गरेको प्रमाणित भएको मितिले एक बर्षभित्र जाहेरी दिन सकिनेछ र त्यसरी जाहेरी परेको मितिले छ महिनाभित्र सम्बन्धित जिल्ला अदातल समक्ष मुद्दा दायर गरिसक्नु पर्नेछ" भन्ने उल्लेख भएकोले अनुसन्धानमा रहेका चेक अनादर सम्बन्धी बैंकिङ कसूर मुद्दामा अनुसन्धान


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@ag.gov.np, वेबसाइट: www.ag.gov.np

अधिकारीसँग समन्वय गरी हदम्याद गुज्रन नपाउने गरी समयमै अनुसन्धान गर्न लगाई कानून बमोजिम अभियोजन सम्बन्धी निर्णय गर्नु ।

३.सहकारी ऐन, २०७४ बमोजिम अदालतमा दायर भई बिचाराधिन रहेका मुद्दाहरुमा सम्बन्धित सहकारीका बचतकर्ताहरुले सम्बन्धित प्रहरी कार्यालय समक्ष दिएको जाहेरी दरखास्त वा निवेदन वा बचतकर्ताहरुको ठगीएको बचत रकम दिलाई भराई पाउने अभियोगदावी लिइएको विवरण बचतकर्ताहरुको हिसाब दायित्व मिलान गर्ने क्रममा दोहोरो नपरोस भन्ने उद्देश्यले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट माग भई आएमा त्यस्तो विवरण समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयलाई उपलब्ध गराउने सहकारी ऐन, २०७४ अन्तर्गत सहकारी ठगी मुद्दामा यस पछि अभियोगदावी प्रस्तुत गर्नु पर्दा सहकारी ठगीको वारदात सम्बन्धित सहकारी संस्था "समस्याग्रस्त सहकारी" को सूचीमा सूचीकृत भए मध्यको हो होईन र अभियोगदावी प्रस्तुत गर्नुपर्ने देखिएको सम्बन्धित सहकारीका बचतकर्ताको बचत रकम (विगो) असुल उपर वा हिसाब मिलान गरी पाउँन समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा निवेदन परे नपरेको र निवेदन परेको भए सो निवेदन उपरको कारबाही के भएको छ सो समेतको जानकारी समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयबाट प्राप्त गरी सो समेतलाई दृष्टिगत गरी प्रचलित कानून बमोजिम अभियोजन सम्बन्धी कार्य गर्नु।

२०८२/०१/३१

..................................

पुष्पराज बाँस्तोला

उपन्यायाधिवक्ता